**मिति २०८१/०४/१० गते बिहिबार, १६१ औं कार्यपालिका बैठक**

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा।
२. सौर्य मिनी ग्रिड परियोजना संचालन सम्बन्धमा।
३. गुम्रा थारु स्मृति कृषि अनुसन्धान केन्द्रलाई गोष्ठी कार्यक्रम संचालनका लागि सहयोग।
४. डि.पि.आर. गर्ने सम्बन्धमा।
५. घरेलु शिल्पकला तथा बिक्रि भण्डारको भवन प्रयोग सम्बन्धमा।
६. फोहर व्यवस्थापन सम्बन्धमा।
७. शोक प्रश्ताव पारित सम्बन्धमा।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका वडा नं. १६ करौती डाँडामा घोराही उपमहानगरपालिकाले नेपाल उर्जा विकास कम्पनी प्रा.लि. र वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसँगको त्रिपक्षीय संझौता गरी जैविक फोहरबाट उर्जा परियोजना निर्माण सम्पन्न गरेकोमा परियोजनालाई आवश्यक पर्ने कच्चा पदार्थको आपुर्तिमा कमी भई परियोजना संचालनमा समस्या भई रहेकोले उक्त परियोजना संचालनका लागि आवश्यक रकम व्यवस्थापन गर्न उक्त क्षेत्रमा सौर्य मिनि ग्रिड परियोजना संचालन गरी उक्त परियोजनाबाट प्राप्त आम्दानीबाट बायोग्याँस प्लान्टको लागि कच्चा पदार्थ आपूर्ति गर्ने गरी सौर्य उर्जा ग्रिड परियोजना निर्माण गर्न न्यूनतम १५% लागत साझेदारीका लागि ग्याँस प्लान्टको उत्तरतर्फ कि.नं. ७ख १३९को २८-१९-१० मध्येबाट २ विघाहा जग्गाको चलन चल्तीको मूल्यलाई आधार मानी घोराही उपमहानगरपालिकाले शेयर प्राप्त गर्ने गरी बायोग्याँस प्लान्ट संचालनका लागि सम्झौतामा उल्लेख भए अनुसारको अवधिको लागि नेपाल उर्जा विकास कम्पनी प्रा.लि.लाई उपलब्ध गराउने।

**निर्णय नं. ३**

गुम्रा थारु स्मृति कृषि अनुसान्धान केन्द्र लुम्बीनी प्रदेश नेपालको आयोजनामा भएको गुम्रा थारु र हाल लुम्बिनी प्रदेशमा कृषिको अवस्था संभावना र अवसर र चुनौती विषय विचार गोष्ठीका लागि आर्थिक सहयोग स्वरुप रकम रु.१५,०००।— खर्च भएको विल भर्पाई अनुसार सम्बन्धीत पार्टीलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिका वडा नं. ९ अन्तर्गत मछाही त्रिवेणी जोडने गणेश खोलामा मिनी वृज निर्माणको डि.पि.आर. गर्ने।

**निर्णय नं. ५**

घरेलु तथा साना उद्योग कार्यालय दाङले प्रयोग गर्दै आएको घरेलु शिल्पकला तथा विक्री भण्डारको वडा नं. १५ स्थित हाट बजारको उत्तरतर्फ रहेको हाल प्रयोग विहिन खाली अवस्थामा रहेको भवन घोराही उपमहानगरपालिका स्तरीय लैङ्गिक हिंसा प्रभावितको लागि अल्पकालीन महिला सेवा केन्द्र (सेभ हाउस) संचालनका लागि उक्त भवन हस्तान्तरण गर्न घरेलु तथा साना उद्योग कार्यालय, घोराही दाङलाई अनुरोध गर्ने र सो को जानकारी उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश र जिल्ला प्रशासन कार्यालय, घोराही दाङलाई दिने।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकाद्वारा हालसम्म फोहर व्यवस्थापनको कार्य गर्दै आएकोमा आ.व. २०८१/८२को नीति अनुरुप फोहर व्यवस्थापनका लागि निजि क्षेत्रलाई प्रस्ताव आव्हान गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने।

**निर्णय नं. ७**

७.१ यही मिति २०८०।०३।२८ गते नारायणघाट मुग्लिङ सडक अन्तर्गत सिमलतारामा पहिरोले बगाएर दुईवटा वस त्रिशुली नदीमा वेपत्ता भई मृत्यूहुनेहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदनाका साथ शोक प्रस्ताव पारित गरियो।

७.२ यही मिति २०८०।०४।०९ गते काठमाण्डौबाट पोखराका लागि उडेको सौर्य एयरलाइन्सको विमान दुर्घटना भई मृत्यू हुनेहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदनाका साथ शोक प्रस्ताव पारित गरियो।